नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(सहकारी व्यवसाय प्रवर्द्धन तथा संघसंस्था समन्वय शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

पत्र संख्याः- १.६/स.व्य.प्र/२०८१/०८२
च.नं. ११०

मिति २०८१/४/२९
ने.सः ११४४ गुँलाथ्व ९ मंगलबार

NEFSCUN
Regd. No: ०२
Date: २०८१।०४।२९
Registered by: [signature]

विषय : स्थिरीकरण कोष स्थापना तथा संञ्चालन कायविधि, २०७६ संशोधन सम्बन्धमा ।

श्री सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौ

प्रस्तुत विषयमा तहाँ विभागको प.स. २०८०/८१, च.न. १७५३ मिति २०८१/३/६ को पत्रसाथ प्राप्त बचत तथा ऋण सहकारी संस्थासम्वन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१ संशोधनको लागि मस्यौदा स्वीकृतीको लागि पेश हुँदा यस मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८१/४/२८ को निर्णयानुसार सहकारी नियमावली, २०७५ को नियम ७४ को उपनियम (१०) बमोजिम परिमार्जन सहित स्वीकृत भएको हुँदा संशोधित कार्यविधिको छायाँप्रति थान-१(एक) यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

[signature] ४।२९
(पवित्रा ढकाल)
शाखा अधिकृत

वोधार्थः
श्री नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड,
(स्थिरीकरण कोषको सचिवालय)
नयाँ बानेश्वर काठमाडौ ।

मा. बलराम अधिकारी
मन्त्री

## बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१

सहकारी नियमावली, २०७५ को नियम ७४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ को दफा २ मा संशोधन: बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ (यसपछि मूल कार्यविधि भनिएको) को दफा २ को,-

(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ:-

"(च) "समिति" भन्नाले नियमावलीको नियम ७४ बमोजिमको कोष सञ्चालन समिति सम्झनु पर्छ।"

(२) खण्ड (ट) र (ड) पछि देहायका खण्ड (ट१) र (ड१) थपिएका छन:-

"(ट१) "मन्त्रालय" भन्नाले नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्छ।

(ठ१.) "विभाग" भन्नाले नेपाल सरकारको सहकारी विभाग सम्झनु पर्छ।"

३. मूल कार्यविधिको दफा ६ मा संशोधन: (१) मूल कार्यविधिको दफा ६ को उपदफा (३) पछि देहायको (४) र (५) थपिएको छ:-

"(४) प्रचलित व्यवस्थाको प्रतिकूल नहुने गरी कोषको एउटा छुट्टै छाप र चिन्ह हुनेछ।

(५) कोषको छाप र चिन्ह समितिले तोके बमोजिम हुनेछ।समितिले तोकेको छाप र चिन्ह कोषले मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ।"

४. मूल कार्यविधिको दफा ९ मा संशोधन: मूल कार्यविधिको दफा ९ को उपदफा (३) पछि देहायको उपदफा (३क) र (३ख) थपिएको छ:-

"(३क) उपदफा (३) बमोजिम छानविन गर्ने समितिले आवश्यकता अनुसार छानविन टोली गठन गर्न सक्नेछ ।

(३ख) उपदफा (३) बमोजिम छानविन गर्दा वा उपदफा (३क) बमोजिम छानविन टोली गठन गर्दा समितिले विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।"

५. मूल कार्यविधिको दफा २४ मा संशोधन: मूल कार्यविधिको दफा २४ को उपदफा (५) मा रहेको "जायजात" भन्ने शब्दको सट्टा "जायजेथा" भन्ने शब्द राखिएको छ।

६. मूल कार्यविधिको दफा ३३ मा संशोधन: मूल कार्यविधिको दफा ३३ को,-

(१) दफा शीर्षकमा रहेका "नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको धितोपत्र किन्न सक्ने" भन्ने शब्दहरुको सट्टा "सरकारी सुरक्षणपत्रमा लगानी गर्न सक्ने" भन्ने शब्द राखिएको छ।

(२) "ट्रेजरी बिल लगायतको धितोपत्र किन्न सकिनेछ" भन्ने शब्दहरूको सट्टा "ट्रेजरी बिल लगायतका वित्तीय उपकरणहरूमा लगानी गर्न सक्नेछ" भन्ने शब्दहरू राखिएका छन्।"

७. मूल कार्यविधिको दफा ३४ मा संशोधनः मूल कार्यविधिको दफा ३४ को,-

(१) उपदफा (१) मा रहेको "निर्देशिका" भन्ने शब्दको सट्टा "कार्यविधि" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) समितिले गर्नुपर्ने कार्यसँग सम्बन्धित कुनै विषयमा विधि, प्रक्रिया वा ढाँचा आवश्यक परेमा त्यस्तो विधि, प्रक्रिया वा ढाँचा तोक्ने"

८. मूल कार्यविधिको दफा ३५ मा संशोधनः मूल कार्यविधिको दफा ३५ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-,

"तर दफा २३, २४, २५ र २७ बमोजिम सापटी स्वीकृति गर्ने, दफा ३२ बमोजिम मिन्हा दिने र दफा ३४ को खण्ड (क) बमोजिम कुनै विषयमा विधि, प्रक्रिया वा ढाँचा तोक्ने गरी बसेको बैठकमा समितिको तत्काल कायम रहेको कूल सदस्य संख्याको दुई तिहाई बहुमतबाट निर्णय हुनुपर्नेछ।"

९. मूल कार्यविधिको दफा ३६ मा संशोधनः मूल कार्यविधिको दफा ३६ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोष सञ्चालनमा आएको पाँच वर्षभित्र कोषले कोष प्रमुख सहित अन्य कर्मचारीको प्रबन्ध गरिसक्नु पर्नेछ।"

१०. रुपान्तरः मूल कार्यविधिको ठाउँ ठाउँमा रहेको "कोष सञ्चालन समिति" भन्ने शब्दहरुको सट्टा "समिति" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।